आज मिति २०७७/०६/२५ गते आईतवार बिहान ११.०० बजे यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झगबहादुर विश्वकर्माज्यूको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्यज्यूहरूको उपस्थितिमा गाउँ कार्यपालिकाको ७३ औं बैठक बसि निम्न बमोजिमका निर्णयहरुका साथ सम्पन्न गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा | अध्यक्ष | |
| २ | श्री मिना कुमारी सोमै | उपाध्यक्ष | |
| ३ | श्री बसन्त बहादुर जि.सी. | सदस्य | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर | सदस्य | |
| ५ | श्री भिम बहादुर मर्साङी मगर | सदस्य | |
| ६ | श्री तुल बहादुर रोका मगर | सदस्य | |
| ७ | श्री मुकुन्द राज शर्मा | सदस्य | |
| ८ | श्री सन्त बहादुर बराल मगर | सदस्य | |
| ९ | श्री मो. हलिम हलुवाइ | सदस्य | |
| १० | श्री टंक प्रसाद सुनार | सदस्य | |
| ११ | श्री शुशिला के.एम. | सदस्य | |
| १२ | श्री चन्द्रिमा थापा | सदस्य | |
| १३ | श्री जिवा सुनार | सदस्य | |
| १४ | श्री खिमा सुवेदी | सदस्य | |
| १५ | श्री अमर बहादुर घर्ती | सदस्य-सचिव | |
| अन्य उपस्थिति | | | |
| १ | श्री लक्ष्मण आचार्य | [illegible] | |
| २ | श्री टोप बहादुर भाट | [illegible] | |
| ३ | श्री गोविन्द प्र. पौडेल | इन्जिनियर | |

०६/२६

अमर बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या -७३)

मिति:- २०७७/०६/२५

बैठकका प्रस्तावहरु:

१.विपन्नवर्ग आर्थिक सहायता सम्बन्धमा ।

२. IEE को लागी समिति गठन गर्ने सम्बन्धमा ।

३. घरजग्गा नक्सापास सम्वन्धमा ।

४. होम क्वारेन्टाईन सम्बन्धमा ।

५. वडा नं. १ र २ लाई प्रदेश राजधानीमा समावेश गर्न माग गर्ने सम्बन्धमा ।

६. योजना संचालन सम्बन्धमा ।

७. जग्गा खरिदको प्राविधिक प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।

८. कर्मचारीहरुको कार्यविभाजन सम्बन्धमा ।

९. खेलकुद पूर्वाधार निर्माणको लागी प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

१०. गाउँपालिका भवनको तला थपको प्रस्ताव सम्बन्धमा ।

११. कार्यालय सहयोगी नियुक्ति सम्बन्धमा ।

१२. घरभाडा वृद्धि सम्बन्धमा

१३. थप शिक्षकराखे विद्यालय सम्बन्धमा

१४. एकमुष्ट शिक्षक अनुदान त.भ. सम्बन्धमा

१५.शवदाह प्रतिक्षालय सहयोग सम्बन्धमा

१६.मालपोत रजिष्टेरसन सेवा सम्बन्धमा ।

१७. योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा

१८.न्यायिक समिति कार्यसम्पादन तथा व्यवस्थापन बजेट सम्बन्धमा

१९. योजनाहरुको मर्मत संभार सम्वन्धमा ।

२०. जोखिम/प्रोत्साहान भत्ता सम्बन्धमा ।

२१. विविध सम्बन्धमा ।

खड्ग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्डाँडा प्यूठान
५ नं. प्रदेश, नेपाल
२०७३

०७७/६/२६
अमर बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

अमर बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

## मिति २०७७/६/२५ गतेका गाउँकार्यपालिका बैठकका निर्णयहरु

१. विपन्न आर्थिक सहायतता सम्बन्धमा ।

यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न व्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| सि.न. | व्यक्तिको नाम | ठेगना | सहयोग रकम/विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | खड्क बहादुर मर्साङ्गी | सरुमारानी -३ | रु.२०,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कार्यक्रम |
| २ | मेनी देवी नेपाली | सरुमारानी -६ | रु.२०,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कार्यक्रम |
| ३ | पवित्रा कामी | सरुमारानी -५ | रु.२०,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कार्यक्रम |
| ४ | केशव थापा | सरुमारानी -४ | रु.२०,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कार्यक्रम |
| ५ | ठग बहादुर सोमै | सरुमारानी -२ | रु.२०,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कार्यक्रम |
| ६ | बसिरन निशा | सरुमारानी -१ | रु.१५,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कार्यक्रम |
| ७ | अन बहादुर सोमै मगर | सरुमरानी- ४ | रु. १५०००/- | दिर्घरोग स्वास्थ्य सहायता कार्यक्रम |
| ८ | डोर बहादुर गुरुङ्ग | सरुमरानी- ३ | रु.२०,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कार्यक्रम |
| ९ | हमिद शाह | सरुमरानी- १ | रु.१०,०००/- | दिर्घरोग स्वास्थ्य सहायता कार्यक्रम |
| १० | सुरज सार्की | सरुमारानी -१ | रु. ५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |
| ११ | देवी कुमाल | सरुमारानी -२ | रु. ५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |
| १२ | जुन बहादुर सार्की | सरुमारानी -२ | रु. ५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |
| १३ | हेमन्तराज मिश्र | सरुमारानी -२ | रु. ५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |
| १४ | ज्ञान बहादुर सुनार | सरुमारानी -२ | रु. ५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |
| १५ | विपना नेपाली | सरुमारानी -१ | रु. ५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |
| १६ | दुज बहादुर कामी | सरुमारानी -१ | रु. ५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |
| १७ | अनिता सुनार | सरुमारानी -१ | रु. ५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |
| १८ | डोर बहादुर बुढा | सरुमारानी -६ | रु. ५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |
| १९ | बुदे कामी | सरुमारानी -४ | रु. ५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |
| २० | शुस्मिता रावत | सरुमारानी -१ | रु. ५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |
| २१ | चित्रबहादुर राना मगर | सरुमरानी- ४ | रु. ५,०००/- | विपन्न असाहय सहायता कार्यक्रम |
| २२ | टोपाराम राना | सरुमारानी -५ | रु. ५,०००/- | विपद व्यवस्थापन कोष |
| २३ | बुद्धिराम कवर योगी | सरुमारानी -६ | रु. ५,०००/- | विपद व्यवस्थापन कोष |

अमर बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

खड्ग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

२. IEE को लागी समिति गठन गर्ने सम्बन्धमा ।

सरुमारानी गाउँपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा १२ बमोजिम तपसिलको अनुगमन समिति र दफा १४ बमोजिमको प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

क) अनुगमन समिति

१. गाउँपालिका उपाध्यक्ष श्री मिना कुमारी सोमै -संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत श्री अमर बहादुर घर्ती -सदस्य
३. वातावरण तथा ब्यवस्थापन समितिको संयोजक श्री मो.हलिम हलुवाई -सदस्य
४. पूर्वाधार विकास/प्राविधिक शाखा प्रमुख श्री दिक्षा देवकोटा -सदस्य
५. वातावरण निरीक्षक श्री ............................ -सदस्य
६. वातावरण तथा बिपद व्यवस्थापन हेर्ने श्री टुक प्रसाद काफ्ले -सदस्य सचिव

ख) प्राविधिक समिति

१. पूर्वाधार विकास/प्राविधिक शाखा प्रमुख ई. दिक्षा देवकोटा -संयोजक
२. आयोजना/कार्यक्रम संग सम्बन्धित बिषयको विज्ञ ई. रवि राना -सदस्य
३. वातावरण तथा बिपद व्यवस्थापन हेर्ने श्री टुक प्रसाद काफ्ले -सदस्य-सचिव

३. घर जग्गा नक्सा पास सम्बन्धमा ।

हाल सम्म यस गाउँपालिकाबाट घरजग्गा नक्सापास सेवा संचालन हुन नसकिरहेको र उक्त कार्य अत्यावश्यक बन्दै गईरहेको सन्दर्भमा उक्त सेवा सुरु गर्न आवश्यक पर्ने सम्पूर्ण तयारी कार्य द्रुत गतिमा सम्पन्न गरि आगामी दोश्रो चौमासिकको सुरु देखी सेवा संचालन गर्न कार्यालयलाई निर्देशन दिने गर्ने निर्णय गरियो ।

४. होम क्वारेन्टाईन सम्बन्धमा ।

कोभिड-१९ को माहामारीका कारण स्थापना भएका सबै क्वारेन्टाईनहरुलाई क्रमशः खाली गर्दै जाने र नेपाल सरकारको निति अनुसार भारत लगाएत विदेशी मुलुकबाट आएका नागरिकहरुलाई होम क्वारेन्टाईन बस्ने ब्यवस्था मिलाउने, सबै वडामा निगरानी संयन्त्र वनाउने, होम क्वारेन्टाईन बस्न प्रोत्साहान गर्ने, सहयोग गर्ने, लक्षण देखा परेमा पि.सि.आर. को चेक जाँचको व्यवस्था मिलाउन वडा

Scanned with CamScanner

अध्यक्षहरुलाई जिम्मेवारी दिने तथा उक्त कार्यमा सम्पूर्ण वडा समितिका सदस्यहरु तथा वडा कार्यालयले आवश्यक सहयोग र समन्वय गर्नु पर्ने निर्णय गरियो।

**५. वडा न. १ र २ लाई प्रदेश राजधानीमा समावेश गर्न माग गर्ने सम्बन्धमा ।**

मिति २०७७/६/२० गते नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाबाट रासी गाउँपालिका, गढवा गाउँपालिकाको वडा नं. १, २, ३ र शितगंगा नगरपालिकाको वडा नं. ८ र ९ लाई समावेश हुने गरी रासी उपत्यका (देउखुरी) लाई ५ नं. प्रदेशको राजधानी र नेपालको संविधानको धारा २९५ को उपधारा (२) बमोजिम यस प्रदेशको राजधानी लुम्बिनी प्रदेश नामाकारण गरेकोमा प्रदेश सभालाई धन्यबाद दिदै, लुम्बिनी प्रदेशको राजधानीको क्षेत्रमा यस सरुमारानी गाउँपालिकाका वडा न. १ र २ लाई समावेश गर्न लुम्बिनी प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**६. योजना संचालन सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.ब. २०७७/०७८ को हाल सम्मको प्रगति सम्बन्धि जानकारी भयो । कोभिड-१९ को महामारिका कारण वन्दावन्दीका कारण सबै वडाहरुमा रोकिएका उपभोक्ता समिति गठन कार्य २०७७ असोज ६ गते भित्र र आ.ब. २०७६/०७७ को बार्षिक समिक्षा गोष्ठीहरु २०७७ कार्तिक मसान्त भित्र सम्पन्न गर्ने निर्णय गरियो ।

**७. जग्गा खरिदको प्राविधिक प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।**

यस गाउँपालिकाको प्रशासकिय भवनको लागी आवश्यक पर्ने कि.न. ४३० को जग्गा खरिद कार्य अगाडी वढाउन आवश्यक प्राविधिक प्रतिबेदन तयार गर्नको लागी नापि कार्यालय जस्पुर प्यूठानलाई अनुरोध गर्ने निर्णय गरियो ।

**८. कर्मचारीहरुको कार्यविभाजन सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाबाट गरिने सेवा प्रवाह प्रकृया र योजना भुक्तानी प्रकृयालाई सुलभ/ सरलिकृत गर्न जिम्मेवारी हेरफेर गर्ने साथै प्राविधिक कर्मचारीहरुलाई तपसिल बमोजिमको जिम्मेवारी दिने निर्णय गिरयो ।

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान
५ नं. प्रदेश, नेपाल
२०७३

तपसिलः

| सि.न | कर्मचारिहरुको नाम | पद | पदस्थापना | जिम्मेवारी दिईएको शाखा तथा कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिक्षा देवकोटा | ईन्जिनियर | प्राविधिक शाखा | शाखा प्रमुख | |
| २ | रवि कुमार राना | ईन्जिनियर | - | गाउँपालिकाको कार्यालय/ प्राविधिक शाखा | |
| ३ | अनुप के.सी. | सब- ईन्जिनियर | प्राविधिक शाखा | गाउँपालिकाको कार्यालय र वडा नं. २ | |
| ४ | लोक बहादुर राना | असिष्टेन्ट सब-ईन्जिनियर | वडा नं. ३ | वडा नं. ३ | |
| ५ | केशव बहादुर दर्लामी | ,, ,, | प्राविधिक शाखा | गाउँपालिकाको कार्यालय र वडा नं. ६ | |
| ६ | धन बहादुर राना | ,, ,, | वडा नं. ५ | वडा नं. ४ | |
| ७ | विमला डि.सि. | ,, ,, | वडा नं. १ | प्राविधिक शाखा | |
| ८ | जितेन्द्र सुनार | ,, ,, | - | वडा नं. ५ | |
| ९ | टिकाराम पाण्डे | ,, ,, | - | वडा नं. १ | |

**९. खेलकुद पूर्वाधार निर्माणको लागी प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको मिति २०७७/६/५ गते प्रकाशित स्थानीय तहमा खेल पूर्वाधार निर्माणका लागी प्रस्ताव पेश गर्ने सम्बन्धि प्रकाशित सूचना अनुसार यस सरुमारानी गाउँपालिकाको वडा न. २ मैदानमा रहेको गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माणको लागी स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धि कार्यविधि २०७५ बमोजिम नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्ने र सो आयोजनाको कुल लागत ईस्टिमेटले हुन आउने रकमको ३० प्रतिशत रकम स्थानीय तहले ब्यहोर्ने निर्णय गरियो ।

**१०. गाउँपालिका भवनको तला थपको प्रस्ताव सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको प्रशासकीय भवनको डि.पि.आर प्रतिवेदन अनुसार भुईतलाको काम सम्पन्न भएको, पहिलो तलाको काम नेपाल सरकार र स्थानीय तहको साझेदारीमा निर्माण कार्य भई रहेकोले प्रशासकीय भवनको डिपिआर प्रतिबेदन अनुसार दोश्रो तलाको भवन निर्माण, सभाहल निर्माण र कार्यालय कम्पाउण्ड गरने काम अझै बाकि रहेकोले बाकी कामको लागत ईस्टिमेट तयार गरी कुल लागतको ४० प्रतिशत रकम स्थानीय तहले ब्यहोर्ने प्रतिबद्धता सहित बाँकि रकम नेपाल सरकार संग अनुरोध गर्ने निर्णय गरियो ।

**११. कार्यालय सहयोगी नियूक्ति सम्बन्धमा**

यस गाउँपालिकाको कार्यालयहरुको सरसफाई कार्य गर्न कार्यालय सहयोगी कमीको कारण समस्या भएकोले एक जना महिला कार्यालय सहयोगी कर्मचारी नियमानुसार नियुक्ति प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

१२. घरभाडा बृद्धि सम्बन्धमा

यस सरुमारानी गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरु संचालनको लागी लिएका घरहरुको घरभाडा बृद्धिको लागी घरधनीहरुले माग गरेकोले गत बर्षको घरभाडामा १० प्रतिशतले बृद्धि गरी २०७७/४/१ देखि नै लागु हुने गरी घरभाडा संझौता गर्ने साथै वडा न. २ मा कार्यालय संचालनको लागी एक कोठा थप गर्नु परेकोले उक्त कोठा थप गरी संझैता गर्ने निर्णय गरियो ।

१३. थप शिक्षकराखे विद्यालय सम्बन्धमा

यस सरुमारानी गाउँपालिकाको चालु आ.ब.को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिलका विद्यालयहरुमा गाउँपालिका अनुदानबाट तलब भत्ता प्रदान गर्ने गरी शिक्षक पदपुर्ती गर्ने निर्णय गरियो

तपशिल

१.शिवशक्ति प्रा.वि. धनकोट वडा न. ४.......गा.पा. प्रा.वि. शिक्षक

२.अमर ज्योती प्रा.वि. राङ्गवाङ्ग वडा न. ५ ... गा.पा. प्रा.वि शिक्षक

३.सिम्ले बालविकास केन्द्र वडा न. ६ .....सहजकर्ता

१४. एक मुष्ट शिक्षक अनुदान त.भ. सम्बन्धमा

नेपाल सरकारको शसर्त अनुदान शिर्षकः एक मुष्ट शिक्षक अनुदान शिर्षकबाट तलब भत्ता खाने शिक्षकहरुको बजेट निकासा नभएकोले रकम निकासा भए पछि श्रोत भर्ना हुने गरी हाल लाई यस गाउँपालिकाको चालु आ.ब.को शिक्षा क्षेत्रको सि.न. १६ शैक्षिक गुणस्तर सुधार कार्यक्रम शिर्षकबाट रु. ६,१५,०३०/-नेपाल सरकार अनुदानबाट तलब भत्ता उपलब्ध गराउने निर्णय गिरियो ।

१५. शवदाह प्रतिक्षालय सहयोग सम्बन्धमा

राप्ती गाउँपालिका वडा न. १ चैते शान्तिपुर स्थित रासि दोभानमा जनस्तरवाट चन्दा उठाई सुरु गरिएको मलामी तथा सागर प्रतिक्षालय निर्माणको लागी रकम अभाव भई निर्माण कार्य गर्न कठिनाई भएको भनि आर्थिक सहयोग माग भएकोले चालु आ.ब. को चालु प्रशासनिक शिर्षकको अन्य संस्था सहयोग शिर्षकबाट रु. ३१,०००/- ( एकतिस हजार)आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१६. मालपोत रजिष्ट्रेशन सेवा सम्बन्धमा ।

Scanned with CamScanner

यस सरुमारानी गाउँपालिका अन्तरगत वडा न. ४ मा साविक ढुंगेगढि गा.वि.स.का वडा नं. १, २, ३, ४, ५ साविक हंशपुर गा.वि.स. वडा न. ८ र साविक धुवाङ्ग गा.वि.स. का वडा नं. ७ र ८ रहेकोमा साविक धुवाङ्ग गा.वि.स. वडा नं. ७ र ८ मा पर्ने बस्तीका जनताले हालको वडा नं. ४ का अन्य बस्तीले सरह प्रशासन कार्यालय, नापि कार्यालय र मालपोत कार्यालय जसस्पुरबाट सेवा प्राप्त गर्न नसकिरहेको र उक्त साविक धुवाङ्ग गा.वि.स. वडा.नं.७ र ८ का जनताहरुले प्यूठान मालपोत/नापी/प्रशासन कार्यालय खलंगाबाट सेवा लिनु पर्दा अपायक एवं असजह महशुस गरिरहेको हुनाले जनभावना अनुरुप निजहरुलाई पायक पर्ने स्थान जस्पुरमा रहेका नापी कार्यालय, मालपोत कार्यालय र ईलाका प्रशासन कार्यालय संग सम्बन्धित सेवा प्रदान गर्नको लागी जिल्ला प्रशासन कार्यालय प्यूठान मार्फत नेपाल सरकार भुमी ब्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, भुमि ब्यवस्था तथा अभिलेख विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**१७. योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको चालु आ.ब. २०७७/०७८ को बार्षिक कार्यक्रम अन्तरगत ल्होछार कार्यक्रमलाई संशोधन गरी **ल्होछार मैदान शैचालय निर्माण योजनाराखे** र सो योजना निर्माण गर्न नपुग थप रकम रु ३०,०००/- मर्मत संभार शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**१८. न्यायिक समिति कार्यसम्पादन तथा ब्यवस्थापन बजेट सम्बन्धमा**

यस गाउँपालिकाको चालु आ.ब. २०७७/०७८ को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत न्यायिक समिति कार्यसम्पादन तथा ब्यवस्थापन शिर्षकमा विनियोजन भएको रु. ५,००,०००/- बाट निम्न शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

तपशिल

१. ~~सेवा स्तरीय~~ कानुनी साक्षरता कार्यक्रम रु. ३,००,०००/-

२. न्यायिक समिति बैठक, मेलमिलापकर्ता खर्च, सूचना म्याद तामेली खर्च रु. २,००,०००/-

**१९. योजनाहरुको मर्मत सम्बन्धमा**

यस गाउँपालिकाका तपशिलका योजनाहरुको मर्मतको लागी मर्मत संभारकोष शिर्षकबाट वजेट विनियोजन गर्ने निर्णय गरियो ।

१. मियाटोल लिफ्ट सिचाई योजना मर्मतवडा न. १ रु. ३०,०००/- (तीस हजार मात्र)

२. बङ्डाडा बजार नाली मर्मत नाली मर्मत वडा न. ४ रु. २५,०००/- (पच्चिस हजार मात्र)

३. स्वर्गद्वारी गेट गन्ताहा मो.बा. मर्मत, वडा नं. २ रु. ६०,०००/- (साठी हजार मात्र)

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्डाडा प्यूठान
५ नं. प्रदेश, नेपाल
२०७३

३. वडा न. १ र ३ मा बर्षादको समयमा सडक अवरुद्ध हुन नदिनको लागी सडक मर्मत ज्यामिहरु खटाईएकोमा मर्मत संभार शिर्षकबाट नियमानुसार भुक्तानी दिने

- वडा न. १ रु. ३५,०००/-
- वडा न. ३ रु. ३०,०००/-

२०. **जोखिम भत्ता सम्बन्धमा**

कोभिड-१९ को महामारिमा खटिएका तपशिलका कर्मचारीहरुलाई चालु आ.ब २०७७/०७८ को साउन श्रावण, भाद्र र असोजमा मासिक रुपमा खाईपाई आएको तलब भत्तामा निम्नानुसार प्रोत्साहान भत्ता उपलब्ध गराउने

- आईसोलेशनमा खटिने स्वास्थ्यकर्मी र नगर प्रहरी - ५०%
- ल्यावमा काम गर्ने कर्मचारीलाई - ५०%
- एम्बुलेन्स चालकलाई संस्थाबाट खाइपाई आएको - ४०%
- क्वारेन्टाईमा खटिने स्वास्थ्यकर्मी, नगर प्रहरी र गा.पा.स्वास्थ्यकर्मीलाई -२५%

२१. **बिबिध सम्बन्धमा ।**

- वित्तिय समानिकरण अनुदान अन्तरगत स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई सुत्केरी पोषण सहायता कार्यक्रममा विनियोजित बजेटबाट प्रतिसुत्केरी रु. ५००/- दरले पोषण सहायता उपलब्ध गराउने
- वित्तिय समानिकरण अनुदान अन्तरगत सुत्केरी पोषण उपहार कार्यक्रममा विनियोजित बजेटबाट संस्थागत सुत्केरी भएका महिलाहरुलाई प्रति सुत्केरी एक क्यारेड अण्डा उपलब्ध गराउने
- शसर्त अनुदान शिर्षकको कर्मचारी तलव भत्ता शिर्षकबाट स्वास्थ्य संस्था अन्तरगत बर्थिङ्ग सेन्टरमा सरसफाई सहयोगी(स्वीपर)लाई प्रति सुत्केरी सरसफाई गरेवापत रु. ३००/- को दरले पारिश्रमिक उपलब्ध गराउने ।
- छोरी पेवा कार्यक्रम अन्तरगत गतबर्ष प्रति छोरी मासिक रु. ~~१००/-~~ १००/- उपलब्ध गराएकोमा यस आ.ब २०७७/०७८ मा प्रति छोरी मासिक रु. ~~२००/~~ २००/- का दरले सहायता रकम उपलब्ध गराउने ।
- आ.ब. २०७५/०७६ मा अमानतबाट गिट्टि वालुवा संकलन गरएकोमा अमानतमा कामगरेका सरुमारानी गाउँपालिका वडा न. १ का विष्णु परिवारलाई निजले संकलन गरेको अनुमानित रकम रु.२०,०००/- सो आ.ब. मा यस कार्यालयमा दाखिला नगरी आ.ब. २०७६/०७७ मा जम्मा गरेको र सो संकलन गरे वापतको रकमको २५% रकम भुक्तानी दिनु पर्नेमा भुक्तानी गर्ने रकम छुटन गएकोले सो रकम निजलाई भुक्तानी दिने

अमर बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
५ नं. प्रदेश, नेपाल
२०७३

कृष्ण बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

- सरुमारानी गाउँपालिका क्षेत्रभित्र मौरीपालन गर्न प्रसस्त चरनक्षेत्रको सम्भाव्यता, प्राविधिक हिसावले पनि उपयुक्त ठाउँ रहेको र यहाँका केही कृषकहरु व्यवसायिक रुपमा मौरीपालन गर्दै आईरहेको हुँदा यस सरुमारानी गाउँपालिका वडा नं. ४ बड्डाडामा मौरीपालनको व्लक क्षेत्र वनाउने ।
- यस सरुमरानी गाउँपालिका वडा नं. ४ को बड्डाडा धनकोट बुद्धिचौर मोटरबाटोको उपल्ला बड्डाडा (दलित बस्ती) मा बस्तीमा बर्षादको कारण पहिरो गई बस्ती नै जोखिममा भएकोले १५ वटा ठुलो (३ फुते) जाली उपलब्ध गराउने ।
- यस गाउँपालिकाको चालु आ.ब.को शिक्षा क्षेत्रको कक्षा कोठा मर्मत र रङ्गरोगन शर्षकबाट श्री नेपाल राष्ट्रिय प्राथमिक विद्धालयलाई विद्धालय रंगरोगनको लागी रु. २०,०००/- उपलब्ध गराउने ।

अमर बहादुर ... प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बडडाँडा प्युठान ५ नं. प्रदेश, नेपाल २०७३

मन बहादुर विश्वकर्मा गाउँपालिका अध्यक्ष

प्रमाणिकरण मिति - २०७८।०६।२८